## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०५/०१ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु संजिव कुमार यादव र मोतिराम सुबेदी मु.नं (०८१-CR-०००५)<br>फैसला मिति २०८१/०६/१० | घुस/ रिसवत | **आयोगको माग दावी**<br>• प्रस्तुत मुद्दामा हालसाविक भई घट्न गएको जग्गा फिर्ता गरी हालसाविक गरी जग्गा धनि प्रमाण पूर्जा बनाई दिए वापत नापी कार्यालय ललितपुरको सर्भेक्षक संजिव कुमार यादव र भूमिसुधार तथा मालपोत कार्यालय ललितपुरको मुद्दा फाँट (ख) मा कार्यरत खरिदार मोतिराम सुबेदीले एक आपसमा बाँढी लिने मन्जुर गरी रु.४,००,०००।–रिसवत रकम लेखापढी व्यवसायी राम बाबु भुजेल मार्फत लिन लगाई निज रामबाबु भुजेलबाट बरामद समेत भएकोले प्रतिवादीहरु संजिव कुमार यादव र मोतिराम सुबेदीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू.४,००,०००/-(चार लाख रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (घ) वमोजिम कैद र बिगो बमोजिम जरिबाना हुन तथा आर. बि. लेखापढी सेन्टरका संचालक राब बाबु भुजेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा बिगो रू.४,००,०००/- कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) वमोजिम कैद र बिगो बमोजिम जरिबाना हुन मागदाबी लिएको देखिन्छ।<br>**अदालतको फैसला**<br>•प्रस्तुत मुद्दामा विशेष अदालत काठमाण्डौवाट फैसला हुँदा उजुरकर्ताले उल्लेख गरेको रु.४,००,०००/- प्रतिवादी मध्येका रामबाबु भुजेलको लेखापढी सेन्टरमा निजबाट बरामद भएको देखिन्छ। मिसिल सामेल सम्वाद लिपीबाट २०८१/०३/२३ मै कार्य भैसकेकोमा पनि निजले नै उक्त रकमको माग गरेको तथ्य मिसिल सामेल सम्वाद लिपिबाट | **फैसलाः**<br>प्रतिवादीलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>**प्रस्तुत मुद्दामा प्रतिवादी मोतिराम सुवेदीलाई विशेष अदालतले सफाई लिएका आधारहरु**<br>•प्रत्यक्षरूपमा घुस मागेको वा लिएको प्रमाण नदेखिएको।<br>• लेखापढी व्यवसायी राम बाबु भुजेलले आफ्नो बयानमा भने अनुसार, रकमको एक भाग (रु. १,५०,०००) मोतिरामलाई दिनु पर्ने हो भनी उल्लेख गरेको भएतापनि यो यो प्रत्यक्ष प्रमाणको रुपमा ग्रहण गर्न मिल्ने अवस्था नदेखिएको ।<br>• मोतिराम सुवेदीले आफ्नो वयानको क्रममा उनले आफ्नो जिम्मेवारी प्रक्रियागत मात्र भएको, फाइल अगाडि बढाउने र टिपणी लेख्ने काम आफ्नो पदीय कर्तव्यअनुसार गरेको र कुनै आर्थिक लेनदेन वा घुसको माग नगरेको भनी वयानमा उल्लेख गरेको ।<br>प्रतिवादी सञ्जिव कुमार यादवलाई | •**प्रस्तुत मुद्दामा** प्रतिवादी मोतिराम सुवेदीले स्वयं आफूले घुस वापतको रकम लिएको अवस्था नदेखिए तापनि उनका लागि रकम छुट्याइएको थियो भन्ने समेतको व्यहोरा कसूर ठहर भउका प्रतिवादी लेखापढी व्यवसायी राम बाबु भुजेलले गरेको बयानमा स्पष्ट रूपमा"रु. ४ लाख घुस रकममध्ये रु. १,५०,००० मोतिराम सुवेदीलाई दिनुपर्ने हो।" भन्ने समेतको व्यहोरा वयानमा उल्लेख गरेको देखिन्छ ।यस्तो अवस्थामा **मोतिराम सुवेदी प्रत्यक्ष घुस लिने कार्यमा संलग्न नभएतापनि सो कार्यमा निजको सहमति रहेको (abetment)** भन्ने देखिरहेको साथै मुलुकी फौजदारी संहिताको , भाग २, दफा ५१ मा दुई वा बढी व्यक्तिहरूको पूर्वसहमति र योजनाबद्ध सहभागिता भएको खण्डमा सबैजना अपराधका लागि समान रूपमा जिम्मेवार हुन्छन् भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत मुद्दामा घुसको माग, रकम बाँडफाँट योजना (राम बाबुले ४ लाखमध्ये १.५ लाख मोतिरामलाई दिनुपर्ने), फाईल अगाडि बढाउन गरिएको कार्य बाट पूर्व योजनाबद्ध कार्यमा निज प्रतिवादीको संलग्नता रहेको भन्ने देखिरहेको **अवस्थामा "आपराधिक षडयन्त्र" (Doctrine of Criminal Conspiracy) को सिद्धान्त** अनुरुप निज प्रतिवादीलाई आरोपदावी वमोजिम नै सजाय गर्नुपर्नेमा मोतिराम सुवेदीले आफ्नो वयानको क्रममा उनले आफ्नो जिम्मेवारी केवल प्रक्रियागत रुपमा मात्र भएको, फाइल अगाडि बढाउने र टिपणी लेख्ने काम आफ्नो पदीय कर्तव्यअनुसार गरेको र कुनै आर्थिक लेनदेन वा घुसको माग नगरेको भनी वयानमा उल्लेख गरेको भन्ने आधार ग्रहण गरी निजलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको फैसला तथ्य ,प्रमाण र कानूनको रोहम त्रुटिपूर्ण रहेकोले वदरभागी छ ।वदर गरीपाउँ।<br>•सामान्यतया दुई वा बढी व्यक्तिहरूले पूर्वसहमति र साझा उद्देश्यका साथ गैरकानुनी कार्यको योजना बनाउँछन् भने सबै दोषी ठहरिन्छन्। घूसको रकम माग गर्ने, रकम बाँडफाँट योजना बनाउने र कार्य विभाजन गर्ने कार्य सञ्जिव, मोतिराम र राम बाबु भुजेलको सामूहिक षडयन्त्र अनुसार नै भएको भन्ने मिसिल संलग्न कागज प्रमाणवाट देखिन्छ।साथै प्रमाण स्वरुप प्राप्त अडियोमा "सबै कुरा रामले मिलाएको छ", "फाइल च्यातिदिन्छु" |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देखिएको समेतबाट यी प्रतिवादी रामबाबु भुजेलले उजुरकर्ता विमल महर्जनबाट राष्ट्र सेवक कर्मचारीलाई काम गराउन भनिदिए वापत भनी रु.४,००,०००/- रिसवत लिई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (२) को कसूर गरेको देखिन्छ। निजलाई सोही उपदफाले निर्देशित उपदफा (१) को खण्ड (घ) बमोजिम आठ महिना कैद गरी बिगो बोमोजिम जरिबाना रु.४,००,०००/- (चारलाख रुपैया) हुने ठहर गरी अन्य प्रतिवादीहरु संजिब कुमार यादव र मोतिराम सुवेदी लाई आरोपदावीवाट सफाई पाउने ठहर गरी फैसला भएको अवस्था छ ।<br>• **विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुमध्येका रामबाबु भुजेलको हकम आरोपदावी वमोजिम नै कसूर ठहर भई सजाय भएकोले निजको हकमा केहि गरीरहनु परेन ।** | **सफाइ दिदा विशेष अदालतले ग्रहण गरेका आधारहरु**<br>• घुस माग्ने कार्यमा प्रत्यक्ष संलग्नता पुष्टि नभएको घुसको रकम प्रतिवादीको शरीर वा कार्यकक्षबाट फेला नपरेको<br>• भ्वाइस म्याचिङ रिपोर्टले ९९% मिल्ने भनिए पनि अदालतले यसलाई अकाट्य प्रमाण मान्न सक्ने अवस्था नरहेको | जस्ता संवादहरूले साझा नियत छ भन्ने प्रकट गर्छ। The **crime was not isolated; it was pre-planned. भन्ने स्पष्टसँग देखिरहेको अवस्थाम** निज प्रतिवादीलाई आरोपदावी वमोजिम नै सजाय गर्नुपर्नेमा घुस माग्ने कार्यमा प्रत्यक्ष संलग्नता पुष्टि नभएको भन्ने आधार ग्रहण गरी भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ ।<br>• प्रतिवादी संजिव कुमार यादवको हकमा मिसिल संलग्न अडियोमा सञ्जिवको फाइल नपठाउने धम्की, भय उत्पन्न गराउने शैली, राममार्फत घूसको माग गरेको यी सबैबाट अपराधमा mens rea को तत्व स्पष्ट रुपमा देखिरहेको अवस्था छ साथै कसुर ठहर भएका प्रतिवादी राम बाबुले सञ्जिवकै निर्देशनमा घूस मागिएको भन्ने समेतको बयान दिएको र जसलाई, अडियो,वरामद रकम र घटनाक्रम सग एक आपसमा मिल्न आएको अवस्था रहेकोमा निज प्रतिवादी संजिव कुमार यादवलाई आरोपदावी वमोजिम नै कसूर कायम गरी सजाय गर्नुपर्नेमा आरोपदावीवाट नै निज प्रतिवादीलाई सफाई दिने ठहर गरी विशेष अदालत काठमाण्डौंवाट भएको त्रुर्टिपूर्ण फैसला वदर गरी आरोपदावी वमोजिम नै सजाय गरीपाउँ ।<br>• प्रस्तुत मुद्दामा प्रतिवादी सञ्जिव कुमार यादवलाई सफाइ दिदा विशेष अदालतले भ्वाइस म्याचिङ रिपोर्टले ९९% मिल्ने भनिए पनि अदालतले यसलाई अकाट्य प्रमाण मान्न सक्ने अवस्था नरहेको भनी आधार ग्रहण गरेतर्फ सिंहालोकन गर्दा, प्रमाण ऐन, २०३१ को दफा ८ (विशेषज्ञको राय) यो दफाले कुनै विशेष विषय (जस्तै विज्ञान) सम्बन्धी राय प्रमाणको रूपमा स्वीकार्य हुने व्यवस्था गरेको भन्ने देखिन्छ।भ्वाईस म्याचिङ रिपोर्ट विज्ञानमा आधारित विशेषज्ञ राय हो र यसमा ९९% मिलानको अर्थ वैज्ञानिक रूपमा उच्च निश्चितता यसमा रहेको हुँदा यसलाई प्रमाणको रूपमा पूर्ण रूपमा स्वीकार गर्नुपर्छ भन्ने नै बुझिन्छ। विशेष अदालतले यसलाई "अकाट्य प्रमाण मान्न सक्ने अवस्था नरहेको" भनी उल्लेख गर्दा दफा ८ को भावना र वैज्ञानिक प्रमाणको महत्त्वलाई बेवास्ता गरी फैसला गरेको देखिन्छ। सामान्यतया कुनै पनि प्रमाण १००% अकाट्य हुनैपर्छ भन्ने सिद्धान्त न्याय प्रणालीमा हुँदैन। उचित शंकाभन्दा बाहिर (beyond reasonable doubt) प्रमाणित गर्नका लागि ९९% मिल्दोजुल्दो देखिनु भनेको पर्याप्त बलियो प्रमाण हो। न्यायको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सिद्धान्तले प्रमाणको वस्तुनिष्ठ मूल्यांकन र तार्किक निष्कर्षको अपेक्षा गर्दछ। ९९% जस्तो voice matching रिपोर्ट जुन निज प्रतिवादीको आवाजसँग मिल्ने भन्ने देखिएको अवस्थालाई अस्वीकार गरी भ्वाइस म्याचिङ रिपोर्टले ९९% मिल्ने भनिए पनि अदालतले यसलाई अकाट्य प्रमाण मान्न सक्ने अवस्था नरहेको भन्ने आधार ग्रहण गरी न्यायको सिद्धान्त (Principles of Justice) विपरित भएको विशेष अदालतको फैसला त्रुर्टिपूर्ण रहेको छ। साथै प्रस्तुत मुद्दामा Voice Matching रिपोर्टलेः“The speaker’s identification traits match with confidence level of more than ९९%. Match probability is more than ५९.९%”भनेको छ जुन सामान्यरूपमा कानूनी रूपमा स्वीकार्य प्रमाणको स्तर पुग्ने भन्ने नै देखिन्छ र प्रस्तुत मुद्दामा अदालतले सबै अडियो, भिडियो र प्रत्यक्ष प्रमाण (रकमको बरामद, नोट नम्बर मिलान, प्रतिवादीको बयानमा) लाई एकसाथ विश्लेषण गरेर फैसला गर्नुपर्नेमा सो नगरी भ्वाइस म्याचिङ रिपोर्टले ९९% मिल्ने भनिए पनि अदालतले यसलाई अकाट्य प्रमाण मान्न सक्ने अवस्था नरहेको भन्ने आधार ग्रहण प्रतिवादी सञ्जिव कुमार यादवलाई आरोपदावी वाट सफाई दिने गरी भएको शुरु विशेष अदालतको फैसला” **प्रमाणको समष्टिगत मूल्याङ्कन सिद्धान्त” (Doctrine of Totality of Evidence)** विपरीत रहेकोले शुरु अदालतको फैसला त्रुर्टिपूर्ण रहि वदरभागी छ। वदर गरीपाउँ ।<br>• अत, प्रस्तुत मुद्दामा उल्लिखित आधार कारण र प्रमाणहरुबाट प्रतिवादीहरु मोतिराम सुवेदी र संजिब कुमार यादवलाई आरोपदावीवाट नै सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले निज प्रतिवादीद्धय मोतिराम सुवेदी र संजिब कुमार यादवको **हकमा** आरोपपत्र मागदाबी बमोजिम सजाय नगरी आरोपदावीवाट नै सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले निज प्रतिवादीद्वयहरु उपर आरोपपत्र मागदाबी बमोजिम सजाय गरीपाउँ । |